# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# Disaster Preparedness and Response Plan

# (DPRP)

२०८०

शहीदनगर नगरपालिका

२०८०

# शहीदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
यदुकोहा, धनुषा
मधेश प्रदेश, नेपाल

Email: ito.sahidnagarmun.@gmail.com
Email: Sahidnagar60@gmail.com


पत्र संख्या:
चलानी नं.:

मिति: २०८०।०३।१५

## शुभकामना सन्देश

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी ,असिना, आगलागि, भूकम्प र हिमताल विस्फोट्न जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २० औ विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । त्यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारन जुनसुकै बेलाजान सक्ने प्रभावकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ । विश्वव्यापी रुपमाभूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल ११ औ स्थानमा तथा जलवायु परिवर्तनको जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ यस नगरपालिकाको परिपेक्षमा विगतका घटनाक्रमलाई केलाउदा बाढी, डुवान, कटान पटानको कारण वर्षेनी जन समुदाय आक्रान्त बन्दै आएको छ । यस प्रकारका विपद्ले संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरुमा बढि मात्रामा असर परेको देखिन्छ । विभिन्न मानव सृजित तथा जलवायु परिवर्तनका कारण विपद्का असर बढि रहेका छन् ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तह सम्म विस्तार गरी सबै तह का विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापितहुने गरी स्थानीय श्रोत, साधन तथा जनताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकताहो ।

यस योजना निर्माण प्रक्रियालाई सहभागिता मूलक, पारदर्शी, उत्तरदायी समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसाथ गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिएको अधिकार प्रयोग गरी समावेशी र जलवायु उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै शहिदनगर नगर पालिकामा DFAT (Australian Aid), Habitat for Humanity Australia, Habitat for Humanity को आर्थिक सहयोग र सामुदायिक सुधार केन्द्र(CIC) जनकपुधामको प्राविधिक सहयोगमा स्थानीयविपद् तथाजलवायु उत्थानशील योजना २०८० निर्माण गरिएको छ ।

अन्तमा यस योजना तयार गर्ने क्रममा योगदान दिनु हुने उपप्रमख ज्यू, प्रशासकिय अधिकृत ज्यु, नगर कार्यपालिका सदस्यज्युहरु ,नगर विपद व्यवस्थापन समिति योजना तर्जुमा उपसिमिति, आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने DFAT (Australian Aid), Habitat for Humanity Australia, Habitat for Humanity, सामुदायिक सुधार केन्द्र (CIC) जनकपुधाम र IRDC (Innovative Research and Development Center) सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

दिनेश प्रसाद यादव
नगर प्रमुख
अध्यक्ष, नगर विपद् व्यवस्थापन समिति
दिनेश प्रसाद यादव
नगर प्रमुख

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

Email: ito.sahidnagarmun.@gmail.com
Email: Sahidnagar60@gmail.com


## शुभकामना सन्देश

शहिदनगर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना Disaster Preparedness and Response Plan (DPRP)२०८०,निर्माण हुँदा अत्यन्त खुशि लागेको छ । विपद्बाट हुन सक्ने सम्भावित मानविय तथा धनसम्पत्तिको क्षति र आधारभूत पूर्वाधारहरुमा हानी नोक्सानी कम गर्नको साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीको महत्वपूर्ण भूमिका रहन्छ ।

तसर्थ विपद् पूर्वतयारी तथा आकस्मिक प्रतिकार्यलाई मजबुद बनाउन जरुरी छ । योजनाबद्ध रुपमा अगाडि बढ्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरुको जिम्मेवारी प्रष्ट किटान गरी विपद् प्रतिकार्यको समयमा समन्वयात्मक प्रतिकार्य गर्नलाई यस योजनाले सहयोग पुरयाउने कुरामा हामीले विश्वास लिएका छौ । यो योजना निर्माणमा सहयोग पुरयाउनु हुने *DFAT (Australian Aid)*, Habitat for Humanity Australia, Habitat for Humanity Nepal, सामुदायिक सुधार केन्द्र (CIC), Innovative Research and Development Centre (IRDC) र स्थानीय सरोकारवालाहरुलाई धन्यवाद दिनुको साथै उक्त योजनाको सफल कार्यान्वयनको शुभकामना दिन चाहन्छु ।

धन्यवाद !

सुनिता

सुनिता कुमारी सिंह
नगर उपप्रमुख
शहिदनगर नगरपालिका, धनुषा

सुनिता कुमारी सिंह
नगर उप-प्रमुख

# शब्द संक्षेप

| | |
|---|---|
| कृ.ज्ञा.के.स.का. | कृषि ज्ञान केन्द्र वा सम्पर्क कार्यालय |
| ला.पा | स्थानीय अनुकूलन योजना |
| शि.वि.स.ए. | शिक्षा विकाश तथा समन्वय एकाइ |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| जि.प्रा.का: | जिल्ला प्राविधिक कार्यालय |
| जि. प्र का: | जिल्ला प्रशासन कार्यालय |
| जि.प्र.का: | जिल्ला प्रहरी कार्यालय |
| जि.व.का: | जिल्ला वन कार्यालय |
| जि.ज.स्वा.का: | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जि.भू.का: | जिल्ला भू-संरक्षण कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| प्रा.वि: | प्राथमिक विद्यालय |
| ना.पा | राष्ट्रिय अनुकूलन योजना |
| न.पा. | नगरपालिका |
| ने.से. | नेपाली सेना |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| मा.वि: | माध्यामिक विद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| स.प्र.ब: | सशस्त्र प्रहरी बल |
| स्वा.से. | स्वास्थ्य सेवा |
| CCA | Climate Change Adaptation |
| CDMC | Community Disaster Management Committee |
| DFAT (Australian Aid) | Department of Foreign Affairs and Trade (Australian Aid) |
| DPRP | District Disaster Preparedness and Response Plan |
| DRR | Disaster Risk Reduction |
| LDCRP | Local Disaster and Climate Resilience Plan |
| LDMC | Local Disaster Management Committee |
| RRT | Rapid Response Team |
| VCA | Vulnerability Capacity Assessment |
| WDCRP | Ward Disaster and Climate Resilience Plan |
| WDMC | Ward Disaster Management Committee |

# विषय-सूची


परिच्छेद १: प्रारम्भिक ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ योजनाको उदेश्य ........ १

१.३ योजना तर्जुमा प्रक्रिया ........ २

(क) नगर विपद् व्यवस्थापन समितिसँग प्रारम्भिक समन्वय बैठक ........ २

(ख) आधारभूत अध्ययन ........ २

(ग) विषयगत क्षेत्रहरूको बैठक ........ ३

(घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार ........ ३

(ङ) पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयार ........ ३

(च) योजनाको स्वीकृति ........ ३

परिच्छेद २: विपद् जोखिम र व्यवस्थापनको अवस्था ........ ४

२.१ नगरपालिकोको संक्षिप्त परिचय ........ ४

२.१.१ नगरपालिकाको जानसांख्यिक विवरण : ........ ५

२.२ नगरपालिकमा विद्यमान प्रमुख प्रकोपहरु : ........ ६

२.२.१ सङ्कटासन्नता स्तरिकरण ........ ६

२.३ विगत्का विपद्को अवस्था विश्लेषण ........ ६

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभावित क्षेत्र ........ ९

२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण ........ १०

२.६ पूर्वसूचना प्रणालीको अवस्था ........ १०

२.७ नीतिगत कानुनी तथा संस्थागत व्यवस्था ........ १०

२.८ विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय ........ ११

(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार ........ १२

(ख) खाद्य तथा कृषि ........ १३

(ग) स्वास्थ्य तथा पोषण ........ १३

(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन ........ १४

(ङ) आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री ........ १४

(च) संरक्षण तथा सुरक्षा ........ १५

(छ) आपतकालीन शिक्षा ........ १५

परिच्छेद ३: बिषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना ........ १६

३.१ बिषयतग क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १६

(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १६
(ख) खाद्य तथा कृषिक्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १८
(ग) स्वस्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १८
(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १९
(ङ) आपतकालीन आश्रय, गैर-खाद्य सामग्री तथा शीघ्रपुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ १९
(च) संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ २०
(छ) आपतकालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ २१
३.२ बिषयगत क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २१
(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २१
(ख) खाद्य तथा कृषिक्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २२
(ग) स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २३
(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २३
(ङ) आपतकालीन आश्रय , गैर-खाद्य सामग्री तथा शीघ्रपुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २४
(च) संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २५
(छ) आपतकालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ २५
३.३ आपतकालीन प्रतिकार्य (कार्यविधि) योजना ........ २६
(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ २६
(ख) खाद्य तथा कृषिक्षेत्रको प्रतिकार्य योजना ........ २७
(ग) स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ........ २७
(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ........ २८
(ङ) आपतकालीन आश्रय, गैर-खाद्य सामग्री तथा शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ........ २८
(च) संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना ........ २९
(छ) आपतकालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ........ ३०
परिच्छेद ४: बन्दोबस्तीका सामग्री आँकलन तथा आवश्यकताको लेखाजोखा ........ ३१
४.१. विषयगत क्षेत्र अन्तर्गत रहेका सामग्रीगत स्रोत/साधनको वर्तमान अवस्था बिषयगत क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण.. ३१
४.१.२ खोज तथा उद्यार सामाग्रीको विवरण ........ ३१
४.२. विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति ........ ३३
४.३. बन्दोबस्तीका सामग्रीको आँकलन ........ ३३
(क) गैर-खाद्य सामग्री भण्डारण स्थल ........ ३३
(ख) मानवीय सहायता स्थल ........ ३३
४.४. थप आवश्यकता र अनुमानित लागत ........ ३४
(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३४

(ख) खाद्य तथा कृषिक्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३४
(ग) स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३४
(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र स्रोत, साधनको थप आवश्यकता र लागत ........ ३४
(ङ) आपतकालीन् आश्रय र गैर-खाद्य क्षेत्र अन्तर्गत स्रोत साधनको थप आवश्यकता र लागत ........ ३५
(च) संरक्षण तथा सुरक्षा क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३५
(छ) आपतकालीन शिक्षा क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३५
(ज) शीघ्र पुनर्लाभ क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ........ ३५
परिच्छेद ५: विविध ........ ३६
५.१ आर्थिक श्रोत र उपलब्ध हुने विधि ........ ३६
५.२ विपद्को समयमा राहत सहयोग प्रदान गर्ने मापदण्ड ........ ३६
५.२.१ गैरखाद्य सामग्री विवरण/परिमाण - प्रति घरपरिवार (६ जना) ........ ३६
५.२.२ कोभिड जस्ता महामारीको हकमा ........ ३८
५.२.३ अन्य निकायहरूसँगको समन्वय र सहकाय ........ ३८
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाइ योजना ........ ३९
५.३.१. लक्ष्य र सूचकहरू ........ ३९
५.३.२ अनुगमन, मूल्याङ्कन र परिमार्जन ........ ३९
५.३.३ क्षमता विकास रणनीति र योजना ........ ४०
६ अनुसूचीहरू ........ ४१
अनुसूची ६.१ नगर विपद् व्यवस्थापन समिति ........ ४१
अनुसूची ६.२ सर्वेक्षण टोलीका सदस्यहरू (विपद् पश्चात् तत्काल परिचालन हुनका लागि ........ ४२
अनुसूची ६.३ नगरपालिकामा संचालित एम्बुलेन्स सेवा ........ ४२
अनुसूची ६.४ स्वास्थ्यकर्मी हरुको बिवरण ........ ४२
सन्दर्भ सामग्री ........ ४५

# परिच्छेद १: प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश, र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्रदेखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशिल रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्ये एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्था वर्षेनी वृद्धि हुने गरेको छ । यस शहीदनगर नगरपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सको छैन । यस शहीदनगर नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभ योजना तर्जुमा गर्न आवश्यक देखिएको छ ।

नगरपालिका विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक प्रकोपहरूबाट प्रभावित हुने गर्छ । शहीदनगर नगरपालिकाको विपद् जोखिम पार्श्वचित्रमा उल्लेख भए अनुसार बाढीले उल्लेख्य मात्रामा जनधनको क्षति गर्छ । त्यसैगरी, आगलागि, चट्याङ, हावाहुरी, शीतलहर, महामारी, जनावर आतङ्क र कृषि बालीमा हुने रोग-किरा, जस्ता प्रकोपहरूले पनि नोक्सान गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) न र संघीय प्रणाली बमोजिम स्थानीय तहको विपद् व्यवस्थापन अधिकार, जिम्मेवारी र दायित्व बहन गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप शहीदनगर नगरपालिको यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ । यो योजनाको कार्यान्वयन तत्काल शुरू गरिनेछ ।

## १.२ योजनाको उदेश्य

यस शहीदनगर नगरपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको मुख्य उद्धेश्य हो । यसका अन्य उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) विपद् प्रतिकार्यका लागि बिषयगत क्षेत्रहरुको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरुको पहिचान गर्नु,

ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगत्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तयार गर्नु,

घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपतकालीन प्रतिकार्यका क्रियाकलापहरु तय गर्नु ।

### १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ ले शहीदनगर नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी प्रतिकार्य योजना तर्जुमा गर्नु व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार यस शहीदनगर नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहायबमोजिम रहेको छ।




माथि उल्लेखित ढाँचामा योजना तर्जुमाका चरणहरुको संक्षेपमा तल चर्चा गरिएको छ।

**(क) नगर विपद् व्यवस्थापन समितिसँग प्रारम्भिक समन्वय बैठक**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नका लागि नगर विपद् व्यवस्थापन समितिका पदाधिकारीसँग मिति २०८० वैशाख ३१.गतेका दिन बसेकोको बैठकबाट यस नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सम्बन्धमा ७ वटा विषयगत क्षेत्रहरुको निर्धारण गर्नका साथै विगत्का विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्साङ्कन, सङ्कटासन्नता तथा जोखिम आँकलन गरिएको थियो।

**(ख) आधारभूत अध्ययन :**

नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरु विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरु, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज र प्रकाशनहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो।

- विपद् व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन तथा निर्देशिका

- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना(सन२०१८- २०३०)
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७, धनुषा
- विपद् व्यवस्थापन सम्बन्धी विगत्को अभ्यास, अनुभव तथा सिकाइ
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली ।
- नगरपालिकाको नगर प्रोफाइल

**(ग) विषयगत क्षेत्रहरूको बैठक**

विषयगत क्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, बिषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना तयारी (सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपतकालीन प्रतिकार्य योजना)का गतिविधिहरु, विषयगत क्षेत्रसँग सम्बन्धीत रही स्रोतहरूको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न विषयगत क्षेत्रहरुसँग मिति २०८० जेठ १९ गते बैठक सञ्चालन गरिएको थियो ।

**(घ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार**

विषयगत क्षेत्रहरूको छलफल र द्धितीय स्रोतबाट सङ्कलन गरीएका सूचनाहरू संश्लेषण एवंम् विश्लेषण गरी शहीदनगर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरीयो ।

**(ङ) पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयार**

विषयगत क्षेत्रको बैठक तथा द्वितीय स्रोतको समेत अध्ययनबाट प्राप्त सूचनाबाट तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरूको उपस्थितिमा बैठक गरी आवश्यक सुझाव लिइएको थियो । यसरी प्राप्त सुझावहरुलाई समेत यस योजनामा समावेश गरिएको छ ।

मिति २०८० असार ४ गते सम्पन्न नगरपालिका स्तरीय सरोकारवालाहरुको बैठक बाट योजनाको पूनरावलोकन गरी प्राप्त सुझाव तथा सल्लाहलाई समेत यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको छ ।

**(च) योजनाको स्वीकृति**

कार्यशालाबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, संघसंस्था र विज्ञहरुको सुझाव सहित नगरकार्यपालिका बैठकबाट अन्तिम रुप दिइनेछ ।

# परिच्छेद २: विपद् जोखिम व्यवस्थापनको अवस्था

**२.१ नगरपालिकोको संक्षित परिचय**

शहीदनगर नगरपालिका नेपालको मधेश प्रदेशमा पर्ने धनुषा जिल्लाको दक्षिण भागमा अवस्थित छ । यो नगरपालिका साविकको बालबाखर, चौराकोयलपुर, यदुकुवा, नन्नुपटी, खरीहानी, पर्चहवा हठीपुर, हरवाहा, धवौली, विसरभोरा, गोठकोयलपुर गाविसहरुको सम्मिलनबाट २०७३ सालमा स्थापना भएको हो । शहीदनगर नगरपालिकाको क्षेत्रफल ५७.३७ बर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको पूर्वमा कमला नगरपालिका, पश्चिममा हंसपुर नगरपालिका, औरही नगरपालिका र उतरमा सबेला नगरपालिका र दक्षिणमा विदेही नगरपालिका पर्दछन् । यस नगरपालिकामा ९ वटा वडा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार शहीदनगर नगरपालिकाको जनसख्या ५३८१२ रहेको छ, जसमा महिला.२७,६०४ र पुरुष २५,२०८ रहेको छ । **(श्रोत : राष्ट्रिय जनगणना २०७८, शहिदनगर नगरपालिका)**

शहीदनगर नगरपालिका विपद् जोखिमबाट निकै संबेदनशील क्षेत्रको रुपमा रहेको छ । बाढी, आगलागि, जंगली जनावरको आतंक, महामारी, हावाहुरी, शीतलहर, लगायतका विपद् जोखिमको सामना यस क्षेत्रका बासिन्दाहरुले गर्नु परेको छ । शहीदनगर नगरपालिकामा आइरहने विभिन्न प्रकोपका घटनाहरूको विवरणलाई हेर्ने हो भने यहाँ भूकम्प, बाढी, कटान, डुवान, आगलागि आदिबाट ग्रसित रहेको पाइन्छ । यस नगरपालिकामा पूर्व तथा उत्तरी सिमानामा रहेको कमला नदिले वर्षेनी कटान, डुवान र पटानको समस्याको कारणले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको छ ।

विगतको इतिहासलाई फर्केर हेर्ने हो भने कमला नदिले वडा न २ को डुम वस्ती, वडा न ५ को पासवान टोलको १० घरधुरी डुवान भएको छ । विशेषतः बाटो निर्माण गर्दा नालाहरु नभएको कारण, पानी निकास नभएको कारण, स साना नहर पनि निर्माण नभएको कारण, त्यस्तै अत्यधिक वर्षा हुदा पानी एकै ठाउँबाट निकास भएकोले त्यहा नजिकै रहेको वस्तीहरु डुवानमा भएको अवस्था छ । त्यस्तै यस शहीदनगर नगरपालिकामा घनाबस्ती, घरहरु खरको छाना भएको, जनचेतनाको कमीले गर्दा प्रायः गर्मीयाममा आगलागिका घटनाहरुले समुदायका व्यक्तिहरु प्रभावित हुने गर्दछन् । विशेषगरि चैत्र वैशाखमा आगलागिका घट्नाहरु बढि हुने गरेको देखिन्छ । त्यस्तै स साना नालाहरुमा प्लाष्टिक, कागज, ढुंगा, टायर जस्ता सामाग्रीहरु जथाभावी फाल्ने र बाल्ने गरेर वातावरण फोहोर भएको छ, जसको कारण महामारीको जोखिम बढ्ने सम्भावना देखिन्छ ।

हालको अवस्थालाई हेर्दा कमला नदिको कारण १, २, र ८ वडाहरु वढि मात्रामा प्रभावित देखिन्छ भने विमला खहरे खोलाको कारण वडा न ५ प्रभावित देखिन्छ । वि.स २०५६ सालको बाढीले वडा न १ को केमरखीको ६० घर, बैरियाटोल को १० घर , लक्ष्मिपुर को ४० घर, सुन्दरपुरको ३५ घर, बाहावको ४० घर, बलाहनको ५० घर चिरैयाको ५० घर, टेनाको ५० घर पूर्ण रुपमा क्षति भएको थियो । त्यस्तै २०८० वेशाखमा आगलागिले चिरैयाको २ घर पूर्ण रुपमा क्षति भएको र करिव २ लाख रुपैया बराबरको क्षति भएको थियो । २०५२ सालको आगलागिबाट वडा न २ को ननुपटी टोलको १० घरमा आगलागि भएको र २ वटा घरको अन्न कपडाहरु जलेको थियो । विगतको वर्ष २०७९ को कोरोना महामारीको कारण वडा न ३ मा आर्थिक रुपमा रु २ लाख ५० हजार जति खर्च भएको, र २ जना मानिसको मृत्यु भएको थियो । सोही वर्ष कमला नदीमा आएको बाढीको कारण हौवारीका ६ वर्षको बच्चाको मृत्यु भएको थियो ।

२०५७ सालको आगलागिबाट वडा नं ४ को ननुपटी गाविसका १० घरको अनाज,कपडाहरु सबै जलेको थियो र आर्थिक रुपमा रु ८ लाख रुपैया बराबरको क्षति भएको थियो । त्यस्तै २०७९ साल मंसीरमा झिटकैया गाउँमा ४ जना वाइक सवार सडक दुर्घटनामा परेको मध्ये ३ जना घाइते र १ जनाको मृत्यु भएको थियो । त्यस्तै २०५५ सालमा महामारी (हैजा) को कारण वडा न  ५ का सबै टोलहरु प्रभावित थियो । २०७९ साल चैत्र महिनामा वडा न ६ को हरवरा टोलमा आगलागिबाट २ थान दराज, २ थान ढोका, २ थान झ्याल पूर्ण रुपमा र १ वटा भैसी जलेको, करिब २ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै वि स २०७२ साल वैशाख १२ गते गएको भूकम्पले हरवरा टोलको १५ घर आशिक रुपमा भत्केको, सरसामान चोरी तथा लुटपाट भएर करिब १८ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो । बाढीको कारण काजीपैनीको पानी भरिएर धवौली र यादव टोल प्रभावित भएको थियो, जसमा ५० घरधुरी यादव टोलको र धवौलीको २०० घरधुरी जोखिममा रहेको थियो । खासगरि अत्यधिक वर्षाको कारण पानी जमेर निकास हुन नसकेकोले धवौली टोलको १०० घर डुवान भएको थियो । त्यस्तै वि स २०७२ सालको भूकम्पले वडा न ८ को नाथपटी टोलको ५० वटा घरका भित्ता चिरा परेको, ८ जना मानिस घाइते भएको र रु १ लाख ५० हजार बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै सन् २०१९ मा आएको कोभिड १९ ले वडा भरि सबै टोल प्रभावित भएको, जसमा ८ जनाको मृत्यु भएको थियो ।

त्यस्तै २०५३ साल जेठ महिनामा आगलागिले वडा न ९ को गोठकोयलपुरको फुसको १ घर जलेको र १ वटा बाखा मरेको, करिव रु ४० लाख बराबरको आर्थिक क्षति भएको । त्यस्तै २०७३ सालको जेठ महिनामा आएको हावाहुरीले १ वटा फुसको घरको छाना उडाएको, १ जना व्यक्ति घाइते भएको, करिब रु १ लाख ५० हजार बराबरको क्षति भएको थियो ।

**२.१.१ नगरपालिकाको जनसांख्यिक विवरण :**

| वडा न | घरधुरी | कूल जनसख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | १८११ | ८७७६ | ४४५१ | ४३२५ |
| २ | १०६२ | ५२६६ | २६४६ | २६२० |
| ३ | १५५२ | ७६३३ | ३८८४ | ३७४९ |
| ४ | १०६७ | ५३५६ | २७७३ | २५८३ |
| ५ | ८८७ | ४१९२ | २१६१ | २०३१ |
| ६ | ९६४ | ४५५० | २३४९ | २२०१ |
| ७ | १६८८ | ८३०२ | ४२९५ | ४००७ |
| ८ | ११५२ | ५३७४ | २७६९ | २६०५ |
| ९ | ९४१ | ४३६३ | २२७६ | २०८७ |
| **जम्मा** | **१११२४** | **५३८१२** | **२७६०४** | **२५२०८** |

**श्रोत : राष्ट्रिय  जनगणना २०७८, शहिदनगर नगरपालिका**

यो नगरपालिकाको क्षेत्र समथर भू भागमा अवस्थित छ। मानवीय दृष्टिकोणले हेर्दा नेपालको तराई र पहाडी भू–भागमा रहेका जिल्लाहरु मध्ये धनुषा जिल्ला अत्यन्तै जोखिममा रहेको जसमा शहीदनगर नगरपालिका पनि अत्यन्तै जोखिममा रहेको छ। यस नगरपालिकाको वार्षिक औसत वर्षा १५७३ मिलिमिटर रहेको छ । अधिकतम तापक्रम ४४ डिग्री सेल्सीयस रहेको छ भने न्युनतम तापक्रम १७ डिग्री सेल्सीयस रहेको छ। **(श्रोतः विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ ,धनुषा)**

**२.२ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरु :**

यस नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरुमा बाढी र डुवान, कटान, आगलागि, सडक दुर्घटना, चट्याङ, जनावर आतङ्क र कृषिबालीमा लाग्ने रोग, शीतलहर, महामारी आदि पर्दछन् । नगरपालिकाको विगतमा आइरहने विभिन्न प्रकोपका घटनाहरूको विवरणलाई हेर्ने हो भने बाढी र आगलागि जस्ता प्रकोप बढि हुने भएकोले यस नगरपालिकाको क्षेत्रमा विपद्मा परी वर्षेनी जनधनको क्षति हुने गरेको पाइन्छ ।

**२.२.१ सङ्कटासन्नता स्तरिकरण :**

नगरपालिकामा हुने प्रकोपका घटना मध्ये मुख्य रुपमा बाढी र डुवान, कटान, आगलागी, सडक दुर्घटना, चट्याङ, जनावर आतङ्क र अन्य विपद् जोखिमको विश्लेषण गरी मानवीय सहयोग वा प्रतिकार्यका दृष्टिले सङ्कटासन्नता स्तरिकरण गरिएको छ । नगरपालिकाको अवस्थाको लेखाजोखा गर्दा विपद्जन्य जोखिमको अवस्था देहायअनुसार रहेको छ।

| प्रकोप | जोखिममा रहेका वडाहरु | | |
|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
| बाढी, डुवान र कटान | १, २, ८ | ४, ५, ६ | ३, ९,७ |
| ऋागलागि | १, २, ८ | ४, ५, ६ | ३, ९,७ |
| महामारी | सबै वडा | | |
| सडक दुर्घटना | ३,४,५ | ७,८,९ | १,२,६ |
| शीतलहर | सबै वडा | | |
| जनावर आतङ्क | २,८,१ | ६,७,९ | ३,४,५ |
| कृषि बालीमा हुने रोगकिरा | सबै वडा | | |

**२.३ विगतमा विपद्को अवस्था विश्लेषण :**

यस नगरपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा विगत् ३० बर्षमा सबैभन्दा बढी बाढीले क्षति गर्ने गरेको पाइन्छ भने बाढीको पुनरावृत्ति पनि उच्च रहेको छ। मूलतः बाढीले घरजग्गा, खेतीयोग्य जग्गा तथा बाली कटान गर्ने गरेको छ। यसबाट बार्षिक रुपमा करिब ७०० परिवार प्रभावित हुने गरेको देखिन्छ। यस नगरपालिकामा रहेको प्रकोपहरु देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

| प्रकोप | बारम्बारता | कैफियत |
|---|---|---|
| बाढी | १३ पटक | मुख्य नदि कमला नदि र विमला नदिमा पानीको बहाब, त्यस्तै कमला नहर भुस खोला, बछराजा नदिको पानी बढेसँगै बर्षेनी कटान,पटानको समस्या रहेको साथै पानीको निकास नहुँदा डुबानले क्षति हुने गरेको । |
| ऋागलागि | ६ पटक | जनचेतनाको कमीले कच्ची घरहरु धेरै भएकोले आगलागि प्रकोप बढि भएको देखिन्छ । |
| सडक दुर्घटना | १ | जनचेतनाको कमी, ट्राफीक सचतेनाको कमीले |
| चट्याङ | १ | प्रत्येक समुदायले घरमा अर्थिङ्ग जडान नभएका कारण बेलाबखत चट्याङका घटना घटिरहेका छन् । |
| जंगली जनावरको आतंक | २ | जंगलमा आहारा कमी हुनुको कारण |
| कृषि बालीमा लाग्ने रोग | | रासायनिक मलको बढि प्रयोगको कारण तथा किटनाशक औषधीको अव्यवस्थित प्रयोगको कारण |
| हावाहुरी | ५ | कमजोर निर्माण, जनचेतनाको कमी |
| महामारी | ३ | जनचेतनाको कमी, जथाभावी फोहोर गर्नाको कारण |
| शीतलहर | २ | वातावरणमा आएको परिवर्तन, पूर्वतयारीको अभाव |

यस नगरपालिकामा विगत तीस वर्षयता विभिन्न समयमा परेका प्राकृतिक, गैरप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **क्र.स** | **प्रकोपको नाम** | **साल र महिना** | **स्थान** | **क्षतिको विवरण ( मानविय, भौतिक र आर्थिक** | विपद् व्यवस्थापनको लागि गरिएको प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| वडा न १ | आगलागि | २०५८ वैशाख | चिरैया | २ घर पूर्ण रुपमा क्षति भएको । करिब रु २ लाख बराबरको आर्थिक क्षति भएको | |
| वडा न १ | शितलहर | २०६२ | कलवायर, बेरखी, बैरिया टोल, चिरैया | १२ घर प्रभावित , २ जनाको मृत्यु भएको | |
| वडा न २ | भूकम्प | २०७२ | चौराकोय लपुर | १०५ वटा घर खसेको, चर्केको रु ५० लाख बराबरको | |

| **क्र.स** | **प्रकोपको नाम** | **साल र महिना** | **स्थान** | **क्षतिको विवरण ( मानविय, भौतिक र आर्थिक** | विपद् व्यवस्थापनको लागि गरिएको प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| | | | | आर्थिक क्षति भएको | |
| वडा न २ | बाढी | २०६४ | चौराकोय लपुर | २५०,घर डुवानमा , करिव रु ४ लाख ५० हजार बराबरको क्षति भएको | राहतको व्यवस्थापन, बाँध तथा तटबन्ध निर्माण, प्रभावितहरु लाई सहयोग, खोज तथा उद्धार राहत वितरणमा, गा पा, शसस्त्र प्रहरी रेडक्रस लगायतका संघसंस्थाहरुले विभिन्न सहयोग गरेको, प्रभावित व्यक्तिलाई खोज उद्धार गरि सहयोग गरेको |
| वडा न ८ | महामारी (कोभिड १९) | २०७८ | पशु चौपाया, अनाज क्षति भएको | नाथपटिको ४ जना, डुमरिया २ जना, विसरभोरा को २ जनाको मृत्यु भएको । | संक्रमीतलाई क्वारेन्टाइनमा र आइसोलेशन मा राखियो र राहत सामाग्री वितरण गरियो । संक्रमितलाई उपचार बापत रु ३,००० नगरपालिकाले उपलब्ध गराएको थियो |

यस नगरपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भीरताको संक्षित विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विपद् विवरण | आवृत्ति (Frequency) | गम्भीरता(Internsity) | कैफियत |
|---|---|---|---|---|
| १ | बाढी | १३ | उच्च | |
| २ | जंगली जनावरको आतंक | १ | न्यून | |
| ३ | आगलागि | ६ | उच्च | |
| ४ | चटयाङ | १ | न्यून | |
| ५ | सडक दुर्घटना | १ | न्यून | |
| ६ | हावाहुरी | ५ | मध्यम | |
| ७ | कृषि बालीमा लाग्ने रोग | ३ | मध्यम | |
| ८ | महामारी | ३ | मध्यम | |
| ९ | शितलहर | ३ | मध्यम | |

विगत् ३० बर्षमा सबैभन्दा बढि बाढीले क्षति गर्ने गरेको पाइन्छ भने बाढीको पुनरावृत्ति पनि उच्च रहेको छ । विगत् पाँच बर्षमा भएका आगलागिका ६ वटा घटनाबाट भौतिक क्षति, पशुधनको क्षति भएपनि सोबाट मानवीय क्षति नभएको देखिन्छ ।

जंगली जनावरहरु (निलगाई, सुंगुर) का लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै जाँदा जनावरहरु बस्तीमा आइ खेतीबाली नष्ट गर्ने क्रम बढ्दै गैरहेको छ । छाडा पशुचौपायाहरुले समेत खेतमा लगाएको अन्नबाली नष्ट गर्ने गरेका छन् । जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरुको प्रकृति, मात्रा र यसबाट हुने क्षति अझै बढ्न सक्ने अनुमान गरिएको छ ।

### २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभावित क्षेत्र

यस नगरपालिकाका ९ वटा वडाका १८ बस्तीमा रहेको हजारौं बिगाहा कृषिक्षेत्र तथा घर सम्पत्ति बाढीको जोखिममा रहेका छन् । विश्वव्यापी रुपमा फैलिएको महाब्याधी कोभिड १९ बाट समेत यो नगरपालिका प्रभावित रहेको छ । बाढी सँगै आगलागि, सडक दुर्घटना, चटयाङ, जंगली जनावरको आतंक, र कृषि बालीमा लाग्ने रोगबाट यस नगरपालिकामा क्षति हुने देखिन्छ । नगरपालिका अन्तर्गत रहेका सम्भावित प्रभाव घरधुरी देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| **वडा न** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सम्भावित प्रभाव | ७६९ | ७०१ | ३५८ | १८२ | ६८७ | ८१५ | ६४५ | ६५७ | ६७७ |

**(श्रोत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८०, शहीदनगर नगरपालिका)**

### २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस नगरपालिकामा रहेका घरहरुको बनोट हेर्दा अधिकांश घरहरु कच्ची रहेको, होचो भू भागमा रहेको, बाटोमा नालाहरु नभएको कारण बाढी आएमा डुबान पर्ने देखिन्छ । यस क्षेत्रमा बाढीले विभिन्न बर्षहरुमा धेरै क्षति गरेको देखिन्छ । अब्यवस्थित बसोबास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढदै गएकोले यसबाट पनि थप जोखिम बढ्ने देखिन्छ । तसर्थ कम्तीमा पनि १००० भन्दा बढी घरधुरीका करिब ५००० जनसंख्याका लागि आपतकालिन व्यवस्थापन गर्न सक्ने गरी पूर्वतयारी योजना गर्न आवश्यक देखिन्छ । विगत्को प्रकोपको प्रवृत्ति हेर्दा बहुप्रकोपबाट करीव ५०० घरधुरीका करिब २५०० जनसंख्या प्रभावित हुने सक्ने सम्भावना रहेको छ । त्यस्तै फौजिकिराले करिब ७००० परिवारहरु प्रभावित हुने देखिन्छन् भने हिउँदे खेतीबाली र पशुचौपायाहरु समेत प्रभावित हुन सक्ने आँकलन गरिएको छ ।

वनजंगल नासिदै गर्दा जंगली जनावरहरु बस्तीमा आउने क्रम बढेको देखिन्छ । यसबाट अन्नबालीमा नोक्सानीका घटनाहरुमा पनि बृद्धि भैरहेको देखिन्छ । विकास र जीविकोपार्जनका लागि गरिने क्रियाकलापहरुमा जोखिम न्यूनिकरण गर्न, उत्थानशील क्षमता वृद्धि गर्ने र जलवायु परिवर्तनका असरको सामना गर्न अनुकूलन हुने गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु सञ्चालन गर्न पर्ने आवश्यक रहेको देखिन्छ ।

### २.६ पूर्वसूचना प्रणालीको अवस्था

नगरपालिकाले जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट बाढी सम्बन्धी जानकारी प्राप्त गर्दछ । नदी सतहमापन केन्द्रले कमला नदिको बाढीको पूर्वसूचना संकटासन्न समुदायका साथै जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रमा सिधै सम्पर्क गरी बाढीको अवस्था सम्बन्धी सूचना लिने दिने गर्दछन् । यसका साथै मोबायल फोन मार्फत पनि सूचना प्राप्त गर्ने गर्दछन् ।

### २.७ नीतिगत कानुनी तथा संस्थागत व्यवस्था

शहीदनगर नगरपालिका मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) का आधारमा नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ । विपद् व्यवस्थापनका कार्यहरूलाई थप सहयोग पुऱ्याउन नगर विपद् व्यवस्थापन समिति अन्तर्गत ७ वटा विषयक्षेत्रहरु गठन गरीएका छन् । नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । यसैगरी, विभिन्न वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । नगरपालिकामा भवन निर्माण तथा योजना मापदण्ड लागु नभएकोले निकट भविष्यमा लागु गर्नुपर्ने भएको छ । साथै नगरपालिका स्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन् ।

**२.८ विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय**

नगरपालिकाले विपद् प्रतिकार्यका लागि ७ वटा विषयगत क्षेत्रहरू निर्धारण गरी कार्य समूहहरू गठन गरेको छ ।

**(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार**

यस शहीदनगर नगरपालिकाले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउन सक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रबन्ध मिलाउने, प्रभावितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(ख) खाद्य तथा कृषि**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रबन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(ग) स्वास्थ्य तथा पोषण**

यस विषयगत क्षेत्रले विपद्मा घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्या बारे प्रभावित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाइजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(ङ) आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री**

यस विषयगत क्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका प्रभावितहरूलाई आपतकालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरूलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(च) संरक्षण तथा सुरक्षा**

यस विषयगत क्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, वृद्धवृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(छ) आपतकालीन शिक्षा**

यस विषयगत क्षेत्रले विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपतकालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सोकोव्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयका लागि देहाय बमोजिम ७ वटा बिषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारीहरु प्रदान गरेको छ ।

| **बिषयक्षेत्र** | **नेतृत्व गर्ने निकाय** | **प्रमुखको नाम** | **सम्पर्क नं.** |
|---|---|---|---|
| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | शहीदनगर र नगरपालिका प्रमुख | दिनेश प्रसाद यादव | ९८५४०२४२४४ |
| खाद्य तथा कृषि | नगरपालिका, कृषि शाखा | कृषि शाखा प्रमुख , सिताराम शर्मा | ९८१४८६०२७ |
| स्वास्थ्य तथा पोषण | नगरपालिका, स्वास्थ्य शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |
| खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्धन | नगरपालिका, सामाजिक शाखा | रम्भा यादव | ९८१४८३५४०१ |
| आपतकालीन आश्रय, गैर खाद्य सामग्री तथा पुनर्लाभ | नगरपालिका उप प्रमुख | सुनिता कुमारी सिंह | ९८४४१११९०२ |
| संरक्षण तथा सुरक्षा | नगरपालिका, महिला तथा बालबालिका शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |
| आपतकालीन शिक्षा | नगरपालिका , शिक्षा शाखा | विश्वनाग यादव | ९८५४०७२३३३ |

**(१) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्र :**

यस विषयगत क्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउन सक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रबन्ध मिलाउने, प्रभावितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार बिषयगत क्षेत्रका सदस्यहरुको विवरण**

| क्र.सं. | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नगर कार्यपालिका नगरप्रमुख | दिनेश प्रसाद यादव | ९८५४०२४२४४ |
| २ | नगर कार्यपालिका उप प्रमुख | सुनिता कुमारी सिंह | ९८४४१११९०२ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | ओम प्रकाश महतो | ९८५४०२०५९७ |
| ४ | शाखा अधिकृत | राम नरेश चौधरी | ९८४४०२४४६३ |
| ५ | वातावरण तथा विपद् व्यवस्थपन .शाखा | राम देव कुमार यादव | ९८४४००५२३६ |
| ६ | श्री इ.प्र. कार्यालय शहिदनगर नगरपालिका | प्रतिनिधी | ९८५४०९००५२ |
| ७ | ससस्त्र बल | Inspector, अपार प्याकुरेल | ९८५१२५९१८५ |
| ८ | रेडक्रस उप शाखा | प्रतिनिधी , लाल बाबु हाथी | ९८१४८८३८९९ |

| | | | |
|---|---|---|---|
| ९ | सामुदायिक सुधार केन्द्र (CIC) जनकपुर | प्रतिनिधि संजय साह | ९८४४०२६८०१ |
| १० | उद्योग बाणिज्य संघ | प्रतिनिधि, राम स्वरुप यादव | ९८०७६३५९३८ |

**२) खाद्य तथा कृषि बिषयगत क्षेत्र**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रबन्ध मिलाउने र कृषिक्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं | संस्था/कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कृषि विकास शाखा | कृषि शाखा प्रमुख , सिताराम शर्मा | ९८१४८६०२७ |
| २ | पशु सेवा शाखा | राम नरेश चौधरी | ९८४४०२४४६३ |
| ३ | उद्योग बाणिज्य संघ | प्रतिनिधि, राम स्वरुप यादव | ९८०७६३५९३८ |
| ४ | रेडक्रस उप शाखा , यदुकुहा | प्रतिनिधी , लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ५ | सामुदायिक सुधार केन्द्र, जनकपुर | संजय शाह | ९८४४०२६८०१ |
| ६ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |

**(३) स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र :**

यस विषयगत क्षेत्रले विपद्मा घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्या बारे पीडित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | संस्था/कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | कपिल देव प्रसाद अधिकारी (शाखा प्रमुख | ९८१६८८२४२६ |
| २ | रेडक्रस उप शाखा | प्रतिनिधी, लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ३ | स्वास्थ्य शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |
| ४ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |

**(४) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाइजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | सामाजिक विकास शाखा | रम्भा यादव | ९८१४८३५४०१ |
| २ | वातावरण तथा विपद् व्यवस्थापन शाखा | सुचना प्रबिधि अधिकृत | ९८४४००५२३६ |
| ३ | नेपाल रेडक्रस उपशाखा | प्रतिनिधी , लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ४ | सामुदायिक सुधार केन्द्र, जनकपुर | संजय शाह | ९८४४०२६८०१ |
| ५ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |

**(५) आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री र शीघ्र पुनर्लाभ**

यस विषयगत क्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपतकालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरुलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ । विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | नगर उप प्रमुख | सुनिता कुमारी सिंह | ९८४४१११९०२ |
| २ | रेडक्रस उपशाखा | प्रतिनिधी , लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ३ | सामुदायिक सुधार केन्द्र , जनकपुर | संजय साह | ९८४४०२६८०१ |
| ४ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |

**(६) संरक्षण तथा सुरक्षा**

यस विषयगत क्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, वृद्धवृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू(जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |
| २ | अपाङ्गता क्षेत्रमा कार्यरत संस्था (आसमान नेपााल) | ममता यादव | ९८०४८५९५३९ |
| ३ | दिव्य ज्योति  अपाङ्ग संघ | अध्यक्ष , प्रमोद पासवान | ९८१५८३६५९० |
| ४ | नेपाल रेडक्रस उपशाखा | प्रतिनिधी  , लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ५ | श्री इ.प्र. कार्यालय शहीदनगर नगरपालिका | प्रतिनिधी | ९८५४०९००५२ |
| ६ | ससस्त्र बल शहीदनगर नगरपालिका | Inspector, अपार प्याकुरेल | ९८५१२५९१८५ |

**(७) आपतकालीन शिक्षा**

यस विषयगत क्षेत्रले विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपतकालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ

| क्र.सं. | निकाय, शाखा, संस्था | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | शिक्षा शाखा | विश्वनाथ यादव , शिक्षा शाखा प्रमुख | ९८५४०७२३३३ |
| २ | शिक्षक संघ | चन्द्र लाल यादव , अध्यक्ष | ९८१५८४१५१८ |
| ३ | सामुदायिक सुधार केन्द्र , जनकपुर | संजय शाह | ९८४४०२६८०१ |
| ४ | नेपाल रेडक्रस उपशाखा | प्रतिनिधी  , लाल बाबु हाथी | ९८१४८८३८९९ |
| ५ | महिला बालबालीका तथा ज्येष्ठ नागरीक शाखा | राम सिकील यादव | ९८२७७९३५०३ |
| ६ | नेपाल राष्ट्रिय शिक्षक संगठन | मोहन यादव, अध्यक्ष | ९८४४०२३१०५ |
| ७ | अखिल शिक्षक संगठन | कृष्ण  घिनवार | ९८०४८८८८४१ |

# परिच्छेद ३: बिषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ बिषयतग क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयगतक्षेत्र अनुसार सामान्य पूर्वतयारीका गतिविधिहरू निम्नानुसार योजना गरिएको छ :-

**(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, | लागत(हजार रु.) |
|---|---|---|---|---|---|---|
| १ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने,, र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने । | हरेक सिजन शुरू हुनासाथ | नगरपालिका विपद् व्यवस्थापन शाखा | हरेक वडामा एक र नगरस्तरमा एक | नगर विपद् व्यवस्थापन समिति | |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | हरेक वर्षको पहिलो महिना | नगरपालिका स्तरमा | १००० प्रति | सामाजिक विकास शाखा | |
| ३ | अपाङ्गता भएका घरधुरीको सर्वेक्षण फारम तयार गर्ने | हरेक वर्षको पहिलो महिना | नगरपालिका स्तरमा | १००० प्रति | सामाजिक विकास शाखा | |
| ४ | हरवा चरवा भएका घरधुरीको सर्वेक्षण फारम तयार गर्ने | हरेक वर्षको पहिलो महिना | नगरपालिका स्तरमा | १००० प्रति | सामाजिक विकास शाखा | |
| ५ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयार गर्ने । | हरेक वर्ष पहिलो महिना | नगरस्तरमा | १००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा | |
| ६ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धीत विषयको तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | हरेक वर्ष दोश्रो महिना | वडामा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा | |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत, व्यवस्थापन गर्ने । | निरन्तर | वडा र नगरस्तरमा | हरेक वडामा कम्तीमा एक सेट | नगर विपद् व्यवस्थापन समिति, वडा समितिहरू | |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सम्पर्क | निरन्तर | नगरस्तरमा | एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सूची तयार गर्ने । | | | | स्वास्थ्य केन्द्र/शाखा | |
| ९ | बाढीबाट बच्न र बचाउन सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सोको सूची तयार एवंम् अद्यावधिक गर्ने । | निरन्तर | वडाअनुसार | वर्षमा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा | |
| १० | आपतकालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची राजपत्रमा प्रकाशीत भएपछि आश्रयस्थलका रुपमा प्रयोग गर्न चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | (तत्काल सुरु गर्नु पर्नेछ) | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | वातावरण तथा विपद् व्यवस्थापन शाखा | |
| ११ | प्रकोपबाट समुदायलाई बचाउन आपतकालीन आश्रय भवनहरू निर्माण गर्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | ३ वटा | नगरपालिका, सम्बन्धीत वडा | |
| १२ | बाढी, जंगलीजनवारको आक्रमण, शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागि आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | नगरस्तरमा सञ्चालित एफ.एम. मार्फत | सिजन सुरू हुनुभन्दा अगावै कम्तीमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | |
| १३ | मानिसको ज्यान लिनसक्ने किसिमका जंगली जनावरहरू (जस्तैः जंगली हात्ती) बस्तीमा प्रवेश गरेमा सम्बन्धीत समुदायलाई सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडास्तरमा | हरेक वडामा १ वटा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय | |
| १४ | स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रको स्थापना गर्ने र यसको सचालनमा ध्यान दिने | असोज मसान्त भित्र | नगरस्तरमा | | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नगरपालिाा | |
| १५ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडि | वडा र नगरस्तरमा | मूख्य प्रकोपहरूमा आधारित रही हरेक वर्ष कम्तीमा १,१ पटक | नगर विपद् व्यवस्थापन समिति | |

**(ख) खाद्य तथा कृषिक्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्मा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने । साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगरस्तरमा | वर्षको १ वा २ पटक | कृषि शाखा, सम्बन्धीत कार्य समूह |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने । | हरेक सिजन सुरू हुनुभन्दा अगाडि | नगरस्तरमा | वर्षको २ पटक | कृषि शाखा, सम्बन्धीत कार्यसमूह |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुबन्ध करार गर्ने । | हरेक सिजन सुरू हुनुभन्दा अगाडि | नगरस्तरमा | कम्तीमा २ वटा ठूला पसलहरू वा उद्योग | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे यस विषयगत क्षेत्रका सदस्यहरू विच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन सुरू हुनुभन्दा अगाडि | वडास्तरमा | मुख्य प्रकोपहरू देखा पर्नुभन्दा पहिले कम्तीमा १ पटक | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

**(ग) स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात् तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । | हरेक महिना, औषधिको गुण अनुसार | नगरस्तरमा | १५०० जनाको लागि | स्वास्थ्य शाखा |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची अद्यावधिक गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | नगरस्तरमा | वर्षमा १ पटक | स्वास्थ्य शाखा, स्वास्थ्य कार्यसमूह |
| ३ | प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने । | आवश्यकता अनुसार तत्कालै | नगरस्तर र वडास्तरमा | नगरमा २५ जना, वडास्तरमा ९ जना | स्वास्थ्य शाखा, नगरपालिका |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडास्तरमा | हरेक वडामा एक जना | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | महामारी सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन | नियमित | हरेक वडाका जोखिमयुक्त | वर्षमा कम्तीमा ३ पटक | स्वास्थ्य शाखा र विषयगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने । | | बस्तीस्तरमा | | क्षेत्रका सदस्यहरू |

**(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धीकरणको लागि आवश्यक पर्ने औषधिको उचित भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाई शाखा र रेडक्रस सोसाईटी |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तीमा १ पटक | खानेपानी, सरसफाई तथा स्वच्छता कार्य समूह |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गर्ने । | प्रकोप जोखिम अनुसार हरेक महिना | नगरस्तरमा | वर्षमा कम्तीमा १ पटक | खानेपानी, सरसफाई तथा स्वच्छता शाखा |
| ४ | आपतकालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | नगरपालिका , खानेपानीसँग सम्बन्धीत निकायहरू |

**(ङ) आपतकालीन आश्रय, गैर-खाद्य सामग्री तथा शीघ्रपुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडि | सबै वडामा | ५०० परिवारका लागि | नगरपालिका नेपाल रेडक्रस सोसाइटी |
| २ | आपतकालीन अवस्था आइपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने । | | थोक विक्रेता | १ हजार परिवारका लागि | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्था र उचित संरक्षण गर्ने । | निरन्तर | सबै वडामा | ५०० परिवारका लागि | नगरपालिका र सम्बन्धीत वडा |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका गोदाम घरहरू (Warehouse) | कम्तीमा २०० परिवारका लागि | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थान सम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्ने । | निरन्तर | नगरस्तरमा | वर्षमा कम्तीमा २ पटक | विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडि | वडास्तरमा | हरेक वडामा | विषयगत क्षेत्रका सदस्यहरू |
| ७ | बाढी लगायतका अन्य प्रकोपहरूले असर नगर्ने सुरक्षित स्थानमा आपतकालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र हातेपम्प व्यवस्था गर्ने । | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | पुर्वाधार शाखा, |
| ८ | अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल परिचालनका लागि प्राविधिक टोली गठन गर्ने र आवश्यक सामग्रीहरूको प्रबन्ध मिलाउने । | निरन्तर | नगरस्तर र वडास्तरमा | नगरमा एक, वडास्तरमा एक | प्राविधिक शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

**(च) संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना**

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, हरवा चरवा, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरीकको संरक्षणका तरिकाहरूबारे जानकारी पुस्तिका तयार एवंम् प्रकाशन गर्ने । | निरन्तर | नगरपालिका | कम्तीमा १००० प्रति | महिला विकास शाखा, शहिदनगर नगरपालिका |
| २ | विपद्को समयका लागि अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद, जोहो गरी भण्डारण गर्ने । | निरन्तर | नगरपालिकाका गोदाम घरहरू (Warehouse) | १०० वटा | संरक्षण तथा सुरक्षा विषयगतक्षेत्रका सदस्यहरू |
| ३ | उमेर, शारीरिक अवस्था, अपाङ्गता अनुसार गरीनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गर्ने र लागू गर्ने । | तत्काल | नगरपालिका | १ पटक | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ४ | विद्यालयका शिक्षकहरू र महिला स्वास्थ्य स्वंय्सेविकालाई आधारभूत मनोसामाजिक परामर्श तालिम दिने । | निरन्तर | वडास्तरमा | १ विद्यालयबाट १ जना, वडामा २ जना महिला स्वास्थ्य स्वयम्सेविका | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगतक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने । | निरन्तर | वडास्तरमा | प्रकोप अनुसार कम्तीमा १ पटक | विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | विपद व्यवस्थापन निति तथा कार्यविधिहरु तयार गर्न | तत्काल | नगरपालिका | १ पटक | विकास साझेदार गैरसरकारी निकायहरु र |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहयाग गर्ने । | | | | अन्य निकाय तथा सक्रिय सरोकारवालाहरु |
